# काभ्रेपलाञ्चोक जिल्ला अदालतको

## सेवा प्रवाह संबन्धी सूचना

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट फैलिरहेको र त्यसको प्रभाव नेपालमा पनि उच्च दरले वृद्धि भैरहेको अवस्था छ । यस काभ्रेपलाञ्चोक जिल्लामा समेत त्यसको विस्तार भएको र जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारीबाट मिति २०७८।१।१९ गते राती १२ वजेबाट यस जिल्लाका विभिन्न स्थानमा निषेधाज्ञा जारी गरिएको हुँदा सो निषेधाज्ञाबाट यस जिल्लाका सेवाग्राही समेत त्यसबाट प्रत्यक्ष रुपमा प्रभावित हुने अवस्थालाई दृष्टिगत गरी मिति २०७८।१।२० गतेदेखि लागू हुने गरी अर्को सूचना जारी नभएसम्म देहायका बाहेक अन्य सेवा स्थगन गरिएको बेहोरा सम्मानित सर्वोच्च अदालतको मिति २०७८|०१|१४ गतेको निर्णय तथा यस अदालतको मिति २०७८।१।१९ गते बसेको पूर्ण बैठकबाट भएको निर्णयानुसार सम्पूर्ण कानून ब्यवसायी, सेवाग्राही तथा सरोकारवालामा जानकारीका लागि अनुरोध छ।

१. बन्दिप्रत्यक्षीकरण र निषेधाज्ञाका निवेदन उपर सुनुवाई गर्ने ।
२. पक्राउ पुर्जी अनुमति, कल डिटेल अनुमति र जरुरी पक्राउ पुर्जीको स्वीकृति सम्बन्धी कार्यहरु गर्ने ।
३. अभियुक्तलाई अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने ।
४. अभियोगपत्र दर्ता, बयान तथा थुनछेक सम्बन्धी कारवाही गर्ने ।
५. घरेलु हिंसा संबन्धी फिरादपत्र दर्ता र त्यस उपर सुनुवाई गर्ने ।
६. सजाय निर्धारणका लागि तोकिएको मुद्दाको सुनुवाई गर्ने ।
७. अर्ध न्यायिक निकायले गरेको मुलुकी फौजदारी कार्यविधि संहिता ,२०७४ को दफा ७३ बमोजिमको आदेश उपरका निवेदनमा सुनुवाई गर्ने ।
८. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ नं. बमोजिम परेका निवेदनमा सुनुवाई गर्ने।
९. कामकारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा रिट निवेदनहरुमा रहेका हदम्याद, म्याद तथा तारेख नगुज्रिने ।

२०७८/१/१९